महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका, २०७७

स्वीकृत मिति : २०७७।०६।२५
प्रमाणिकरण मिति : २०७७।०६।२७

## महाकाली नगरपालिका,
## नगरकार्यपालिकाको कार्यालय
## खलंगा, दार्चुला

**प्रस्तावनाः**

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि ८ बमोजिम एकल अधिकार र अनुसूचि ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड (झ) मा स्थानीय आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी क्रियाकलाप सञ्चालन कार्यान्वयन तथा नियमन सम्बन्धी अधिकार रहेको छ । सो अनुसार महाकाली नगरपालिका, खलंगा दार्चुला भित्र खास गरी स्वास्थ्य सेवाको पहुचबाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्याउनु एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जंनाताको पहुँच बढाई स्वाथ्यको गुणस्तर वृद्धि गर्न वाञ्छनिय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी महाकाली नगरकार्यपालिकाले एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी निर्देशिका जारी गरेको छ।

**संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम <u>"एम्बुलेन्स सेवा सञ्चालन सम्बनधी निर्देशिका, २०७७"</u> रहेको छ।

(ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

क) "एम्बुलेन्स" भन्नाले बिरामि ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई सम्झनु पर्छ।

ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवा ग्राहिले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ।

च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

३. **एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः** (१) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

क) नगर प्रमुख – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) वडा नं. ४ र ५ का वडा अध्यक्ष -सदस्य

घ) नगरपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य

ङ) प्रतिनिधि, नगर रेडक्रस सोसाईटी, -सदस्य

च) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थति भएमा बैठकको गणपुरक सङ्ख्या मानिनेछ।

३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

४) समितिको बैठक सम्बन्धी कार्यविधि नगरपालिकाको बैठक संचालन कार्यविधि बमोजिम हुनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** १) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा संचालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नु पर्ने आचार संहिता लागु गराउने साथै निर्देशिका अनुसारको आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचार संहिता पालन गर्ने लगाउने ।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने।



भद्रपुर... नगरपालिका नगर कार्यपालिकाको कार्यालय ... सुदूरपश्चिम प्रदेश, नेपाल

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने र समितिले आवश्यकता अनुसार भाडा निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ।

ङ) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने,

च) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

छ) चालकले अनुसुची १ बमोजिम निर्धारित सेवा शुल्क लिई बैंक/कोष खातामा दाखिला गरे नगरेको निरीक्षण गर्ने।

२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक चौमासिकमा नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ।

**५. एम्बुलेन्स संचालन सेवा शुल्क सम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्रहिले अनुसुची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ।

२) एम्बुलेन्स सेवा बापत उठेको रकम नगरपालिकाले एक अलग बैंक खाता/कोष खडा गरी सो कोषमा जम्मा गर्नेछ।

३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई चालकलाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

४) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ।

५) कोषको रकम नगर कार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ। कोषको रकम सामान्यतया चालक र स्वास्थ्य कर्मीको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ।



महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

६. **चालकको नियक्ती र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा संचालनका लागि नगर कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्त गर्नेछ।

२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

३) एम्बुलेन्स सेवा संचालनको लागि नियुक्त चालक तथा कर्मचारीहरुको रु. पाँच लाख सम्मको दुर्घटना विमा गरिनेछ। बिमाको प्रिमियम बापतको रकम यसै निर्देशिका बमोजिमको कोषबाट व्यहोरिनेछ।

४) चालकले पालना गर्नुपर्ने आचार संहित अनुसुची (२) बमोजिम हुनेछ।

५) एम्बुलेन्स सेवालाई थप प्रवाहकारी बनाउन नगरपालिकाले एक जना योग्यता पुगेको स्वास्थ्य कर्मी करार सेवामा नियुक्त गर्नेछ।

६) अ.न.मि. को सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

७. एम्बुलेन्स रहने स्थान सो को मर्मत सम्भारः (१)एम्बुलेन्स महाकाली नगिरपालिका वडा नं. ५ मा रहेको महाकाली नगरपालिकाको कार्यालय को हातामा रहनेछ।

२) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ।

८. विविधः १) एम्बुलेन्स मा हुने न्युनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ।

२) एम्बुलेन्समा सवार विरामी र विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयम् को हुनेछ।

३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन तथा थपघट गर्न वान्छनीय भएमा नगर कार्यपालिकाले संशोधन तथा थपघट गर्न सक्नेछ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची -१

(निर्देशिकाको दफा (५) संग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

महाकाली नगरपिलकाको एम्बुलेन्स संचालनमा देहाय बमोजिम भाडा निर्धारण गरिएकोछ ।

१. एम्बुलेन्स संचालनमा लाग्ने भाडा महाकाली नगरपालिका क्षेत्र भित्र ५ किलो मिटर दुरी सम्म रु. ५००/- र त्यो भन्दा बढी दुरीमा रु १०००/- भाडा लाग्नेछ। महाकाली नगरपालिका बाहिर दार्चुला जिल्ला भित्र प्रति किलोमिटर रु. ३०/- दरले भाडा लाग्नेछ।

२. दार्चुला जिल्ला भन्दा बाहिर एम्बुलेन्स संचालन गर्नु परेमा देहाय बमोजिम भाडा हुनेछ ।

| क्र.सं. | देखि | सम्म | दररेट(रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | महाकाली नगरपालिका | बैतडी | ८०००/- | |
| २ | महाकाली नगरपालिका | डडेल्धुरा | १००००/- | |
| ३ | महाकाली नगरपालिका | धनगडी | १४०००/- | |
| ४ | महाकाली नगरपालिका | नेपालगन्ज (कोहलपुर) | १७०००/- | |
| ५ | महाकाली नगरपालिका | चितवन | २५०००/- | |
| ६ | महाकाली नगरपालिका | काठमाण्डौ | ३००००/- | |

३. दुरीको हकमा गन्तव्य स्थान मान्य हुनेछ।

४. एम्बुलेन्स संचालनमा लाग्ने ईन्धन खर्च महाकाली नगपालिकाले व्यहोर्नेछ।

५. एम्बुलेन्स प्रयोग गर्दा एक तर्फी प्रयोग भए पनी दुइ तर्फीको दुरी गणना हुनेछ र तोकीएको एक तर्फीको दोब्बर भाडा लाग्नेछ।

६. ब्रेन हम्ब्रेज तथा अन्य गम्भिर किसिमको रोगी, सवारी दुर्घटना भएको अवस्थामा दुर्घटनाको प्रक्रिति हेरी आकस्मिक सेवाका लागि एम्बुलेन्स सेवा निःशुल्क उपलब्ध गराइनेछ।

७. एम्बुलेन्स सेवा संचालनको लागि तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगाबै कार्यालयमा बुझाउनु पर्नेछ ।

८. कुनै किसिम दुर्घटनामा वा अवस्थामा एम्बुलेन्स सेवा नगर प्रमुखले तोके बमोजिम स्वस्फुर्त रुपमा प्रदान गर्न सकिनेछ।

महाकाली नगरपालिका
नगरपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची २

(निर्देशिकाको दफा ६ को उपदफा (३) सँग सम्बन्धीत)

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७ लाई पुर्णतः पालना गर्नु पर्ने,

२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा ईमान्दासिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक परदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने

४. बिरामीको ओसार पसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु पर्ने।

५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसार पोसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पुर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुर्‍याउनु पर्ने,

११. आफुले उचित देखेको बिरामीलाई गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारीआफ्नो सुपरिवैक्षक तथा स्वास्थ्य संस्थालई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नु पर्ने।

म.......................................... (नाम) ............................. ठेगाना ....................... ना.प्र.प.नं ........................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ....................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु। ............................. जिल्ला ................. ........................ संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पुर्ण रुपमा पालना गर्न सहमति जनाई सहि छाप गरेको छु ।

चालकको:

दस्तखत:

मिति:

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:

दस्तखत:

मिति:

संस्थाको छाप:



महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ३

(निर्देशिकाको दफा ८ को उपदफा(१)  सँग सम्बन्धीत)

"ग" वर्गको (Common Life Support (cls) एम्बुलेन्समा हुनु पर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter/ Mask  जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P Apparatus,  Torchlight,
- Driver with basic training in  first aid and emergent Medicine